सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २४९ ♦ २०८३ साल जेष्ठ १० आइतवार ♦ 24 May 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# मधेश प्रदेशमा पहिलो पटक मधेशवादी दल सरकारभन्दा बाहिर






**खबर दर्पण समाचारदाता**

**जेष्ठ ९ गते, बर्दिवास**

प्रदेश गठन भएको करिब नौ वर्ष पुग्न लाग्दा मधेश प्रदेशमा पहिलो पटक मधेशवादी दल सरकारभन्दा बाहिर पुगेका छन् । यसअघि विभिन्न चरणमा बनेका सरकारमा कुनै न कुनै मधेशवादी दलको सहभागिता सदैव रहँदै आएको थियो ।

२०७४ सालको चुनावपछि तत्कालीन सङ्घीय समाजवादी फोरम नेपाल (जनता समाजवादी पार्टी नेपाल) ले मधेश प्रदेश सरकारको नेतृत्व गरेको थियो । जसपा नेपालका नेता लालबाबु राउत मुख्यमन्त्री रहेको सो सरकार पाँच वर्ष अर्थात् पूरा कार्यकाल चलेको थियो । सो सरकारमा तत्कालीन मधेशकेन्द्रित सबै दल सहभागी थिए ।

२०७९ को चुनावपछि पुन: फोरमकै नेतृत्वमा सरकार बन्यो । मधेश प्रदेशका प्रदेश सभा सदस्य सरोजकुमार यादव (बारा) ले सो सरकार नेतृत्व गर्नुभएको थियो । दुई वर्ष नबित्दै सरकार ढलेको थियो । त्यस सरकारको नेतृत्व जनमत पार्टीले गरेको थियो । जनमत पार्टीका नेता सतीशकुमार सिंहले २०८१ जेठ २५ गते मुख्यमन्त्रीमा शपथ लिनुभएको थियो ।

सो सरकारमा जसपा नेपाल सहभागी भएन । महन्थ ठाकुर नेतृत्वको तत्कालीन लोकतान्त्रिक पार्टी सहभागी भएको थियो । भदौ २३ र २४ गते भएको आन्दोलनका कारण जनमत पार्टीले आफ्ना मुख्यमन्त्री सिंहलाई फिर्ता बोलाएपछि तत्कालीन लोसपा नेपालका प्रदेश सभा सदस्य जितेन्द्र सोनल २०८२ असोज ३० गते मुख्यमन्त्रीमा शपथ लिनुभएको थियो । त्यसमा जसपा नेपाल, जनमत पार्टी पनि सहभागी थियो भने नागरिक उन्मुक्ति पार्टीको समर्थन थियो । तत्कालीन मुख्यमन्त्री जितेन्द्र सोनलले विश्वासको मत नपाउने भएपछि राजीनामा दिनुभएको थियो ।

तर अर्को मुख्यमन्त्री चयनमा विलम्ब भइरहेको भन्दै कांग्रेस, नेकपासहित मधेशकेन्द्रित दल आन्दोलनमा थिए । आन्दोलन चलिरहेकै बेला एमालेका प्रदेश सांसद सरोज यादवले महोत्तरीको एक कटेजमा २०८२ कात्तिक २३ गते बिहान मुख्यमन्त्रीमा शपथ लिनुभएको थियो तर त्यो सरकारमा मधेशकेन्द्रित दल कोही पनि सहभागी भएनन् । सरकारविरुद्ध आन्दोलनका साथै सर्वोच्च अदालतसम्म धाए । अन्ततः विश्वासको मत नपाएपछि एक महिना नपुग्दै सरोज यादव सरकारबाट हट्नुभएको थियो ।


त्यसपछि २०८२ मङ्सिर २१ गते कांग्रेसका प्रदेश सभा सदस्य कृष्ण यादवको नेतृत्वमा

*बाँकी पृष्ठ ३ मा*

# महोत्तरीमा ४ महिनामा २०९ जनाले पाए आमाको नामबाट नागरिकता

**खबर दर्पण समाचारदाता**

**जेष्ठ ९ गते, बर्दिवास**



चार महिनामा महोत्तरीमा २०९ जनाले आमाको नामबाट नागरिकता प्राप्त गरेका छन् । गत २०८२ पुस ११ गतेको मन्त्रिपरिषद्को बैठकले निर्णय गर्दै बाबुको पहिचान नखुलेका सन्तानलाई आमाको नामबाट नागरिकता दिने व्यवस्था गरेको थियो भने पुस २१ गते नेपाल राजपत्रमा सूचना प्रकाशित भएलगत्तै सबै जिल्ला प्रशासन कार्यालयहरूमा परिपत्र गरी यो व्यवस्था कार्यान्वयनमा ल्याइएको थियो ।

सोही क्रममा सबै आवश्यक कागजी प्रक्रिया पूरा गरेर २०८२ माघ ६ गतेदेखि जिल्ला प्रशासन कार्यालयबाट आमाको नामबाट नागरिकता वितरण सुरु गरिएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताए । यसअनुसार नेपाली नागरिक आमाबाट नेपालमै जन्मिएका र बाबुको पहिचान हुन नसकेका व्यक्तिहरूले आवश्यक स्वघोषणा र प्रक्रिया पूरा गरेर वंशजका आधारमा नागरिकता प्राप्त गर्न थालेका हुन् ।

त्यसै क्रममा जिल्ला प्रशासन कार्यालयबाट गत २०८२ माघ महिनाको ६ गतेदेखि २०८३ जेठ ९ गतेसम्म जम्मा २०९ जनाले आमाको नामबाट वंशज नागरिकता प्राप्त गरेका प्रमुख जिल्ला अधिकारी यादवले बताए ।

## शिरीष संचार समूह

## नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

खबर दर्पण राष्ट्रिय दैनिक | शिरीष खबरपत्रिका साप्ताहिक | शिरीष न्युज | Radio Rupantaran परिवर्तनकालागि १०६.३ Mhz

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

# 'गरिबीले विदेश, विदेशले हिंसा'

ज्योति झा

धनुषाको हंसपुर नगरपालिका अन्तर्गत पर्ने टील्ही गाउँको मुसहर समुदाय बसोबास गर्ने सानो बस्तीलाई स्थानीयले '६ नम्बर बस्ती' भनेर चिन्ने गर्छन् ।

गाउँको मुख्य बस्तीभन्दा केही टाढा, कच्ची बाटो र झुपडीहरूको बीचमा रहेको त्यो बस्तीमा करिब ४० घर छन् । त्यहींको एउटा सानो झुपडीमा बस्छिन् ३० वर्षीया बिनिता सदा ।

उनको कथा एउटा महिलाको व्यक्तिगत संघर्षको कथा मात्र नभई गरिबी, जातीय विभेद, बालविवाह, वैदेशिक रोजगारीको बाध्यता र महिला श्रमिकमाथि हुने शोषणको कठोर यथार्थ पनि हो ।

बिनिताको विवाह १२ वर्षको उमेरमै भयो ।मुसहर समुदायमा जन्मिएकी उनले विद्यालयको ढोका कहिल्यै टेक्न पाइनन् । 'आमाबुबाले पढाइको महत्त्व बुझ्नुभएन । छोरी भएर जन्मिएकी मान्छेले किन पढ्ने भन्ने सोच थियो,' उनी भन्छिन् ।

गरिबी, अशिक्षा र दलित समुदायमाथिको सामाजिक विभेदले उनको बाल्यकाल नै खोस्यो । पढ्ने उमेरमै विवाह भएपछि उनको संसार घरधन्दा र परिवारको जिम्मेवारीमा सीमित भयो ।

समय बित्दै जाँदा उनी दुई छोराकी आमा बनिन् । उनका श्रीमान् रोजगारीका लागि विदेश गए । करिब १२ वर्षसम्म विदेशको कमाइले घर धानिएको थियो । तर, नेपाल फर्किएपछि फेरि भार त गएका श्रीमान् विस्तारै सम्पर्कविहीन भए ।

'पछि उहाँले हामीलाई नै बिर्सिनुभयो । धेरैले उतै अर्को परिवार बनाएको देखेको पनि भने,' बिनिता भक्कानिँदै सुनाउँछिन् ।

श्रीमान् सम्पर्कविहीन भएपछि घरको सम्पूर्ण जिम्मेवारी बिनितामाथि आयो । बिहान-साँझको छाक टार्नसमेत कठिन हुन थाल्यो । देवर ले केही समय सहयोग गरे पनि त्यो स्थायी समाधान थिएन ।

'म आफैं नपढेर यस्तो अवस्थामा पुगें । बच्चाहरूलाई पनि नपढाउने हो भने उनीहरूको भविष्य के हुन्छ भन्ने डर लाग्थ्यो,'उनी भन्छिन् ।

तर, गाउँमै काम पाउनु उनका लागि सहज थिएन । उनी दलित, अशिक्षित र महिला–यी तीनै कारणले श्रम बजारमा बारम्बार विभेद भोग्नुपरेको उनले बताइन् ।

'काम खोज्न जाँदा धेरैले हेपेर फर्काउँथे । अशिक्षित दलित महिलालाई कसैले पत्याउँदैन,'उनी सम्झिन्छिन् ।

अन्ततः बाध्य भएर उनले २०८१ सालमा वैदेशिक रोजगारीको बाटो रोजिन् । गाउँकै चिनजानकी एक महिलाले उनलाई विदेश जान सुझाव दिइन् । ती महिला र उनका श्रीमान् विदेश पठाउने एजेन्टको काम गर्थे ।

'फ्याक्ट्रीमा काम हुन्छ, ८ घण्टा मात्रै काम गर्नुपर्छ, राम्रो तलब पाइन्छ भनेर सम्झाइयो,' बिनिता भन्छिन् ।

पासपोर्ट, टिकट र अन्य कागजातका नाममा करिब ५०-६० हजार रुपैयाँ खर्च भयो । काठमाडौं हुँदै उनलाई दिल्ली ट्रान्जिट गराएर कुवेत पठाइयो । तर, यात्रा सुरु भएपछि मात्रै उनले आफू घरेलु कामदारका रूपमा पठाईदै गरेको थाहा पाइन् । 'त्यही बेला मैले ठगिएको महसुस गरेँ,' उनी भन्छिन् ।




वैदेशिक रोजगारीको नाममा महिलालाई अवैध रूपमा दिल्ली ट्रान्जिट गराएर खाडी मुलुक पठाउने अभ्यास अझै जारी रहेको अधिकारकर्मीहरू बताउँछन् । यस्तो प्रक्रियाले मानव बेचबिखन र श्रम शोषणलाई झन् बढाएको उनीहरूको भनाइ छ ।

कुवेत पुगेपछि बिनितालाई एक अरबी परिवारको घरमा काममा राखियो । भाँडा माझ्ने, कपडा धुने, घर सफा गर्ने, बच्चा स्याहार्ने सबै काम उनैले गर्नुपर्थ्यो ।

'६ महिनाको बच्चा पूरा मैले हेर्थें । बिहानदेखि रातिसम्म काममै हुन्थें,'उनी सुनाउँछिन् । तर, कामअनुसारको व्यवहार भने उनले कहिल्यै पाइनन् ।

'मलाई पर्याप्त खाना पनि दिइँदैनथ्यो । भोक लागेर लुकेर ट्वाइलेटमा बसेर खानुपर्थ्यो,'उनी भन्छिन् ।

भाषा अर्को ठूलो समस्या बन्यो । उनी अरबी भाषा बुझ्दिनथिन् भने मालिकहरूले नेपाली वा हिन्दी बुझ्दैनथे । केही समयपछि उनले सामान्य अरबी बोल्न सिकिन् । तर, अवस्था फेरिएन । 'बिर ामी हुँदा पनि आराम गर्न दिँदैनथे । उल्टै पिट्थे,'उनले भनिन् ।

धेरै संघर्षपछि उनी त्यहाँबाट भाग्न सफल भइन् । तर, त्यसपछि पनि सुरक्षित वातावरण भेटिएन । 'जसको माध्यमबाट गएको थिएँ, उसले अर्को काम लगाइदियो । तर, उसको साथीहरूसँग शारीरिक सम्बन्ध राख्न दबाब दिन्थ्यो,' उनी भन्छिन् ।

उनले आफूलाई झुक्न नदिएको बताइन् । 'इज्जत बेच्नु भन्दा मर्नु राम्रो लाग्यो । धेरै पिटाइ खाएँ, दुःख पाएँ । तर, मानिनँ ।'

त्यति मात्र नभई आफूले कमाएको पैसा नेपाल पठाइदिन्छु भन्ने व्यक्तिले समेत धोका दिएको उनले सुनाइन् । 'पछि पैसा पुगेन भनेर सोध्दा उल्टै प्रहरीमा दिने धम्की दियो,'उनी भन्छिन् ।

त्यसपछि उनी फेरि भागिन् । कुवेतको सडकमा अलपत्र परेकी उनलाई प्रहरीले पक्राउ गर्‍यो ।उनलाई १५ दिन जेलमा राखियो ।

'जेलमा खाना र व्यवहार भने ठीक थियो । त्यहाँ म जस्तै धेरै महिला थिए,' उनी सम्झिन्छिन् ।

सोधपुछपछि उनलाई नेपाल फिर्ता पठाइयो । नेपाल फर्किएपछि पनि उनको संघर्ष रोकिएको छैन । आर्थिक अभाव, मानसिक पीडा र सामाजिक अपमानबीच उनी अहिले पनि आफ्ना दुई छोरालाई पढाएर राम्रो भविष्य दिन चाहन्छिन् ।

बिनिताको कथा एक व्यक्तिको मात्र कथा होइन । नेपालका हजारौं महिला श्रमिकले भोगिरहेको यथार्थको प्रतिनिधि कथा हो । विशेषगरी दलित, गरिब र अशिक्षित महिलाहरू सुरक्षित वैदेशिक रोजगारीबारे जानकारी नपाउँदा अवैध एजेन्टको जालमा फस्ने गरेका छन् ।

महिला घरेलु श्रमिकहरू प्रायः श्रम सम्झौताविपरीत काम गर्न बाध्य हुने, कुटपिट र मानसिक यातना भोग्ने, तलब नपाउने, यौन शोषणको जोखिममा पर्ने, भाषा र कानुनी जानकारी अभावका कारण प्रतिरोध गर्न नसक्ने अवस्थामा पुग्ने गरेका छन् ।

अधिकारकर्मीहरूका अनुसार गाउँस्तरमै सुरक्षित वैदेशिक रोजगारीबारे सचेतना अभाव, कमजोर निगरानी र गरिबीका कारण महिलाहरू अवैध एजेन्टको जालमा फसिरहेका छन् ।

यस्ता घटना रोक्न गाउँस्तरमै सुरक्षित वैदेशिक रोजगारीबारे व्यापक सचेतना आवश्यक छ । अवैध एजेन्टमाथि कडा कारबाही, दलित तथा विपन्न महिलाका लागि स्वदेशमै रोजगारी सिर्जना, महिला श्रमिकका लागि प्रभावकारी उद्धार संयन्त्र तथा बालविवाह अन्त्यका कार्यक्रम अपरिहार्य रहेको देखिन्छ ।

विदेशबाट फर्किएपछि बिनिताले एउटा गहिरो पाठ सिकेकी छन् । 'विदेश जति सजिलो देखिन्छ, त्यति सजिलो छैन । घरको कामको नाममा धेरै महिलामाथि हिंसा हुन्छ । धेरै जना लुकेर भागिरहेका हुन्छन्,' उनी भन्छिन् ।

उनले थपिन्, 'म चाहन्छु कसैलाई पनि विदेश जानुपर्ने बाध्यता नआओस् । आफ्नै देशमा काम पाइयोस् । मैले विदेशमा धेरै दुःख पाएँ । तर, जीवन बुझ्ने अवसर पनि पाएँ ।'

टील्ही गाउँको '६ नम्बर बस्ती' मा रहेको उनको झुपडी अहिले पनि गरिबीले घेरिएको छ । तर, त्यही झुपडीभित्र एउटी आमाको सपना अझै बाँचेको छ । आफ्ना छोराहरूलाई पढाएर आफूले गुमाएको भविष्य उनीहरूलाई दिलाउने बिनिताको सपना छ ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| ऑखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्यार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# जनकपुरधामको शैक्षिक पुनर्जागरण आवश्यक: कुँवर



**खबर दर्पण समाचारदाता**
**जेष्ठ ९ गते, बर्दिवास**

उच्च अदालत जनकपुरका कायम मुकायम मुख्य न्यायाधीश टेकनारायण कुँवर ले जनकपुरधामलाई पुन: शिक्षाको केन्द्रका रूपमा स्थापित गर्न सामूहिक पहल आवश्यक रहेको बताएका छन् ।

रौनियार युवा मञ्चद्वारा एसईईमा उत्कृष्ट अंक ल्याएका विद्यार्थीहरूको सम्मानमा आयोजित कार्यक्रममा बोल्दै उनले जनकपुरधाम कुनै समय शिक्षा, ज्ञान र संस्कृतिको महत्वपूर्ण केन्द्र रहेकाले त्यसको पुरानो पहिचान फर्काउन सबै पक्षले जिम्मेवारीपूर्वक लाग्नुपर्ने बताए ।

मुख्य न्यायाधीश कुँवरले पछिल्लो समय जनकपुरधामको शैक्षिक स्तरमा क्रमश: गिरावट देखिन थालेको उल्लेख गर्दै युवापुस्तामा लगानी गर्न सके मात्रै समाज र राष्ट्रको भविष्य उज्ज्वल बन्न सक्ने धारणा राखे ।

उनले विद्यार्थीलाई सम्मान गर्ने कार्यले उनीहरूमा थप उत्साह र प्रेरणा मिल्ने भन्दै रौनियार युवा मञ्चको पहललाई उदाहरणीय कामको संज्ञा दिए ।

'आजका विद्यार्थी नै भोलिका नेतृत्वकर्ता, प्रशासक, चिकित्सक, अभियन्ता र राष्ट्र निर्माणका आधार हुन्,'उनले भने, 'युवामा लगानी गरे मात्रै जनकपुरधामले आफ्नो पुरानो वैभव र गरिमा पुन: प्राप्त गर्न सक्छ ।'

रौनियार युवा मञ्चका अध्यक्ष राकेश गुप्ताको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वजातीय समुदायका १६ जना तथा जनकपुरधामका विभिन्न सामुदायिक विद्यालयबाट उत्कृष्ट अंकसहित एसईई उत्तीर्ण भएका २० जना विद्यार्थीलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिका-४ का वडाध्यक्ष सुरेश झा, रौनियार सेवा समितिका प्रमुख संरक्षक शिवनाथ गुप्ता, याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय ज्ञानकुपका प्रधानाध्यापक संजय झा तथा नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन गुप्ता लगायतको उपस्थिति रहेको थियो ।

# मधेश प्रदेशमा पहिलो पटक....

सरकार गठन भएको थियो । सो सरकारमा जसपा नेपाल, लोसपा नेपाल, जनमत पार्टी पनि सहभागी थिए । गत वैशाख २१ गते जनमत पार्टीले सरकार बाट समर्थन लिएको थियो । जनमत पार्टीले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री कृष्ण यादवले जेठ ८ गते विश्वासको मत लिँदा जसपा नेपालका मन्त्रीलाई मन्त्रीपरिषद्को सदस्यबाट हटाउनुभएको थियो भने जनमत पार्टीका दुई जना मन्त्रीले राजीनामा दिनुभएको थियो । जबकि जसपा नेपालले वर्तमान सरकारलाई समर्थन गर्ने निर्णय गरेको थियो तर मुख्यमन्त्री कृष्ण यादवले जसपा नेपाललाई पनि सरकारमा राख्नुभएन । यसरी पहिलो पटक मधेश प्रदेशको सरकारमा मधेशकेन्द्रित दल सरकारमा सहभागी छैनन् ।

जनता समाजवादी पार्टी (जसपा) नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालबिच एकता भएपछि केन्द्रमा विकसित राजनीतिक परिस्थितिका कारण देशका तीन ठुला दल नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बिच नयाँ समीकरण बन्यो । सोही समीकरण अनुसार मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेश सभाबाट विश्वासको मतसमेत प्राप्त गरिसक्नुभएको छ ।

प्रदेश सभाको पहिलो निर्वाचनमा मधेशवादी दलहरूले राम्रो नतिजा ल्याएपछि दुई प्रमुख मधेशवादी दलको गठबन्धनमा पूर्ण बहुमतको सरकार बनेको थियो । तत्कालीन मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको सरकारले आफ्नो पाँचबर्से कार्यकाल सफलतापूर्वक सम्पन्न गरे पनि प्रदेश सभाको दोस्रो कार्यकालमा गठन भएका सरकार भने टिकाउ हुन सकेका छैनन् ।

## दलीय विचलन

राजनीतिक विश्लेषक डा. भोगेन्द्र झाका अनुसार राष्ट्रियदेखि क्षेत्रीय पार्टीसम्मका नेताले देश र जनताप्रतिको प्रतिबद्धता बिर्सिएका कारण मुलुकमा राजनीतिक अस्थिरता बढेको हो । मधेश प्रदेशमा पनि मधेशवादी दलले आफ्नो सिद्धान्त बिर्सिएकै कारण यो अवस्था सिर्जना भएको उहाँले बताउनुभयो । डा. झाले भन्नुभयो, "केन्द्रमा जस्तै मधेश प्रदेशमा पनि मधेशवादी दल कहिले कांग्रेस त कहिले एमालेसँग मिलेर सरकार गठनमा मात्र केन्द्रित भए । जनतासँग गरिएका प्रतिबद्धता पूरा नगरेकै कारण गत निर्वाचनमा उनीहरूको जनमतसमेत खुम्चिँदै गयो ।"

यता जनमत पार्टीका मधेश प्रदेश संसदीय दलका नेता एवं पूर्वमन्त्री चन्दन सिंहले सत्तामा जानु र बाहिरिनु राजनीतिमा सामान्य प्रक्रिया भएको टिप्पणी गर्नुभयो । गणितीय अङ्कका आधारमा तीन ठुला दलबिच बहुमत पुगेपछि मधेशवादी दल बाहिरिनु परेको स्वीकार गर्दै उहाँले पहिचानवादी दललाई बाहिर राखेर सरकार सञ्चालन गर्न भने सहज नहुने दाबी गर्नुभयो । नेता सिंहले सङ्घीयताका पक्षधर हरेक दल अहिलेको आवश्यकता अनुसार एक ठाउँमा आउनुपर्नेमा जोड दिनुभयो ।

नेकपा (एमाले) मधेश प्रदेश संसदीय दलका नेता एवं पूर्वमुख्यमन्त्री सरोजकुमार यादवले मधेशवादी दलका नेता आफैं सरकार गिराउने र बनाउने खेलमा लागेका कारण सत्ताबाट बाहिरिनु परेको प्रतिक्रिया दिनुभयो । उहाँले भन्नुभयो, "कांग्रेस नेतृत्वको सरकारमा जसपा नेपाल र जनमत पार्टी सहभागी रहेर पनि सरकार गिराउने खेलमा लागे । त्यसैले परिस्थितिवश कांग्रेस, एमाले र माओवादीबिच नयाँ समीकरण निर्माण गरी सरकार गठन गर्नु परेको हो ।" वर्तमान सङ्घीय सरकारले संसदीय व्यवस्थालाई ध्वस्त पार्न लागेपछि संविधान निर्माण गर्ने प्रमुख दल एक ठाउँमा उभिएको उहाँको दाबी छ ।

यसै गरी नेपाली कांग्रेसका नेता एवं प्रदेश सभा सदस्य रामसरोज यादवले जनताको काम गर्नुभन्दा पनि मधेशवादी दलका नेता मन्त्री बन्न लालायित हुने र सत्ताका लागि जे पनि गर्ने परिपाटीले गर्दा मधेश प्रदेशमा यस्तो अवस्था आएको बताउनुभयो ।


डेंगी ज्वरो
DENGUE FEVER



परिचय
डेंगी 'एडीस एजिप्टी' र 'एडीस एल्बोपिक्टस्' प्रजातिका लामखुट्टेको टोकाइबाट सर्छ । त्यसैले यसबाट बच्न लामखुट्टेको टोकाइबाट जोगिनु पर्छ ।

लामखुट्टेले टोक्ने समय
एडीस जातका लामखुट्टेले प्रायः गरेर दिनमा टोक्दछन् । विशेष गरी, घाम उदाएको २ घण्टा पछाडि र घाम अस्ताउनु भन्दा २ घण्टा अगाडि यो लामखुट्टे बढी सक्रिय हुने हुनाले सो समयमा बढी सचेत हुनुपर्छ ।

लामखुट्टे वृद्धि विकास हुने स्थान
एडीस लामखुट्टेले सफा जमेको थोरै पानीमा पनि फुल पार्दछ । खासगरी पानी जम्ने टिनका डब्बाहरु, प्लास्टिकका बोत्तल, प्लास्टिकका खोल, टायर, सिसी, अन्डाको बोक्रा, ड्रम, बाटा, बाल्टिन, फूलदानी, गमला, कुलर, पानीका ट्यांकी जस्ता पानी जम्ने भाँडा तथा छाना, कौसी, बरन्डा, ढल, नाली, कुलो आदि स्थानहरूमा फुल पार्छ र यो लामखुट्टेको वृद्धि ...

लक्षणहरू
यदि तपाईंमा तल उल्लेखित लक्षणहरु देखिएमा तुरुन्त अस्पताल वा स्वास्थ्य संस्था जानुहोला:
- एक्कासि ज्वरो आउने
- थकान महसुस हुने
- आफ्नो दैनिकी, खानपान वा अन्य कामकुरामा रूचि नलाग्ने
- टाउको, मांसपेशी तथा जोर्नी दुख्ने
- वाकवाकी लाग्ने वा बान्ता हुने

यसका साथै बान्तामा रगत देखा पर्ने, धेरै पेट दुख्ने, श्वासप्रश्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने जस्ता लक्षणहरू देखापर्नु डेंगीका जटिल अवस्था हुन् ।

गौशाला नगरपालिका,
महोत्तरी



पालिकाको स्थानीयलाई अनुरोध



- जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो ।
- जन्मेको ३५ दिनभित्र आफनो स्थानीय निकायमा गई दर्ता गरौं ।
- जन्म, मृत्यु, बसाइ-सराइ, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।
- जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् ।
- बसाइ-सराइ गर्दा व्यक्ति आफु मात्र बसाइ सरी गए व्यक्तिले परिवार नै बसाइ सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।



- विवाहको सूचना पति र पत्नी दुबैले दिनु पर्छ ।
- सम्बन्ध विच्छेदको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन् ।
- सबैको व्यक्तिगत घटना दर्ता गरौं गराऔं ।
- सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिले नागरिकताका साथ सम्पर्क गरी सम्बन्धित बैंक मार्फत तोकिएको समयभित्र अनिवार्य रुपमा भत्ता बुझि लिऔं ।
- प्रत्येक वर्ष श्रावण १ देखि मंसिर १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु नयाँले निवेदन दिऔं र पुराना भत्ता खाईरहेका व्यक्तिहरुले अनिवार्य रुपमा नवीकरण गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफनो नाम भत्ता खाने लिस्टमा छ छैन प्रत्येक श्रावण महिनामा आ-आफनो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।
- महानगरपालिकाद्वारा संचालित नियमित सरसफाइ अभियानमा सहभागी बनौं ।



- जथाभावी पार्किङ नगरी तोकिएको स्थानमा मात्र पार्किङ गरौं ।
- गाउंपालिकाको अनुमति लिएर मात्र घर निर्माणको काम गरौं ।
- महोत्तरी गाउँपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष एवं पालिका प्रमुख, उपप्रमुख, अन्य विषयगत शाखा प्रमुख समक्ष राखौं ।

रामगोपालपुर नगरपालिका,
महोत्तरी

# तिरहुतिया गाछीमा चारदिने योग विज्ञान शिविर हुँदै

**खबर दर्पण समाचारदाता**
**जेष्ठ ९ गते, बर्दिवास**

जनकपुरधामस्थित तिरहुतिया गाछीमा चारदिने योग विज्ञान शिविर आयोजना हुन लागेको छ ।

जेठ ११ गतेदेखि १४ गतेसम्म सञ्चालन हुने उक्त शिविरमा योगगुरु रामदेवका शिष्या साध्वी देवादितीको विशेष सहभागिता रहने आयोजकले जनाएको छ। शिविरको आयोजनाबाट मधेश प्रदेशका नागरिकलाई स्वस्थ जीवनशैलीतर्फ प्रेरित गर्ने लक्ष्य लिइएको आयोजकको भनाइ छ। शिविरमा प्राणायाम, ध्यान, विभिन्न योग अभ्यास तथा स्वास्थ्यसम्बन्धी प्रशिक्षण प्रदान गरिने जनाइएको छ।

जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दासले सनातन धर्ममा योगको विशेष महत्व रहेको उल्लेख गर्दै योग शारीरिक अभ्यासमा मात्र सीमित नभई आत्मशुद्धि, मानसिक शान्ति र आध्यात्मिक उन्नतिको माध्यम भएको बताए । उनले आधुनिक जीवनशैलीका कारण बढ्दै गएको तनाव र विभिन्न रोगबाट बच्न योग प्रभावकारी उपाय बन्न सक्ने धारणा व्यक्त गरे । पतञ्जली योग पीठ मधेशका उपाध्यक्ष मनोहर साहले नियमित योग अभ्यासले शरीर लाई स्वस्थ, मनलाई शान्त तथा जीवनलाई अनुशासित बनाउने बताए ।

उनका अनुसार रोगअनुसारको योग अभ्यासले शारीरिक लाभ मात्र नभई विभिन्न रोग निको हुने सम्भावना समेत बढाउँछ। आयोजकले शिविरमा सयौँ सर्वसाधारणको सहभागिता र हने विश्वास गरेको छ। शिविर मार्फत जनकपुरधामसहित मधेशका विभिन्न जिल्लामा योग र स्वास्थ्यप्रति जनचेतना अभिवृद्धि हुने विश्वास व्यक्त गरिएको छ ।

# अझै केही दिन अत्यधिक गर्मी र तातो हावाको लहर चल्ने

**खबर दर्पण समाचारदाता**
**जेष्ठ ९ गते, बर्दिवास**

पश्चिम तराईमा अझै केही दिन अत्यधिक गर्मी र तातो हावाको लहर चल्न सक्ने भएकाले सतर्कता अपनाउन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले आग्रह गरेको छ ।

प्राधिकरणले दाङ, बाँके, बर्दिया, डोटी, कैलाली र कञ्चनपुरलाई उच्च सतर्कता र कपिलवस्तु, रुपन्देही, अर्घाखाँची, पाल्पा, सुर्खेत लगायतका जिल्लालाई अद्यावधिक रहनुपर्ने सूचीमा राखेको छ । ती जिल्लाका धेरै ठाउँको तापक्रम ४० डिग्री सेल्सियस र त्योभन्दा माथि पुगेको छ ।

अत्यधिक गर्मीका कारण थकाइ, कमजोरी, टाउको दुख्ने, चक्कर आउने, बेहोस हुने र बान्ता हुने जस्ता स्वास्थ्य समस्या देखिन सक्ने डाक्टरहरूको भनाइ छ । तातो हावाको लहरबाट बच्न चर्को घाम लागेको बेला घर भित्रै बस्न, बाहिर निस्कनै परे पातलो कपडाले टाउको ढाक्न, प्रशस्त पानी पिउन पिउन र कागती पानी तथा फलफूल खान



प्राधिकरणले अनुरोध गरेको छ। यस्तै बालबालिकालाई चर्को घाममा खेल्न नपठाउन र खेतबारीको काम बिहान वा दिउँसोपछि मात्र गर्न पनि प्राधिकरणले आग्रह गरेको छ ।


## कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं । यसले हाम्रो परिवारमात्रै पालिंदै आएको छ । तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ । त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं । खेतीयोग्य जमिन बांझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन । यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

**औरही नगरपालिका, महोत्तरी**

**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !**

"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ।"

**मिथिला नगरपालिका, धनुषा**

छोरी शिक्षा समाजको उज्ज्वल भविष्यको आधार हो। शिक्षित छोरीले परिवार, समाज र देशको समृद्धिमा महत्वपूर्ण योगदान पुयाउँछिन् ।

शिक्षित छोरी आत्मनिर्भर बन्छिन्
परिवारको स्वास्थ्य र जीवनस्तर सुधार हुन्छ
रोजगारी र अवसरहरू बढ्छन्
लैङ्गिक समानता कायम हुन्छ

"छोरी पढे, देश बढे"
"छोरीलाई शिक्षा, उज्यालो भविष्यको दिशा"
"छोरी र छोरामा भेदभाव नगरी समान अवसर दिऔं"
"बालविवाह रोकौं, शिक्षा प्रोत्साहन गरौं"

अभिभावकले छोरीलाई विद्यालय पठाऔं
समाजले छोरी शिक्षालाई प्राथमिकता दिऔं
स्थानीय तहले छात्रवृत्ति र सुविधा बढाऔं
सबैले लैङ्गिक समानता कायम गरौं

छोरीलाई शिक्षित बनाउनु भनेको समग्र समाजलाई सशक्त बनाउनु हो । आज छोरीलाई शिक्षा दिऔं, भोली समृद्ध राष्ट बनाऔं ।

अनुरोधकर्ता :

**जनकपुरधाम उपमहानगरपालिका**
धनुषा , जनकपुरधाम
मधेश प्रदेश

**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT. LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**
मेनरोड बर्दिवास, महोत्तरी
044-550255



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,